संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या -५३
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल भदौ २४ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ०१:१५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समयमा निम्नलिखित माननीय सदस्यहरुले अविरल वर्षाको कारणले उदयपुर र खोटाङ जिल्लाका विभिन्न स्थानमा घर बस्ती र पशु चौपायाहरु जोखिमपुर्ण अवस्थामा रहेको, पाँचथर जिल्लाको फालेलुङमा वेवारिसे बम बिस्फोट हुँदा दुई बालबालिकाको मृत्यु हुनुका साथै दुईजना घाईते भएको, जाजरकोट जिल्लाको बारेकोटमा पहिरोले घर बगाउँदा वडासदस्य दम्पतिको मृत्यु हुनुका साथै एक बालिका घाईते भएको, जाजरकोटमा खोलाले बगाउँदा एक व्यक्ति र एक बालक बेपत्ता भएको, भुकम्प प्रभावितहरुलाई दोस्रो किस्ताको रकम प्रदान गर्नुपर्ने, सर्वोच्च अदालतको आदेशले वागमती नदीकिनार क्षेत्रमा बसोबास गर्ने जनताहरु प्रभावित भएको, कृषि तथा वन विज्ञान विश्वविद्यालयमा पठनपाठन र परीक्षा रोकिदा बिद्यार्थीहरु प्रभावित भएको, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रधानमन्त्री उपस्थित हुन नसकेको कारण दिक्षान्त समारोह रोकिएको, सप्तरी जिल्लामा घुसखोरीको विरोध गर्दा दर्जनौ व्यक्तिहरु पक्राउ गरिएको, सर्लाही जिल्लामा प्रतिनिधि सभा सदस्यमाथी ढुङ्गामुढा प्रहार भएको, बर्दिया जिल्लाको शिव सामुदायिक वनमा पर्यटक घुमाउने क्रममा गैंडा आक्रमणबाट एक व्यक्तिको मृत्यु भएको र विदेशी नागरिकसमेत घाईते भएको, बाँकेको नरैनापुरमा झाडापखालाबाट पाँच जनाको मृत्यु भइसकेको, वैदेशिक रोजगारमा रहेका दाङ जिल्लाका एक व्यक्ति स्वदेश फर्कने क्रममा मलेसियाको क्वालालाम्पुर एयरपोर्टमा हृदयघातको कारण मृत्यु भएकोले यथाशिघ्र उहाँको शव नेपाल ल्याउन पहल गर्नुपर्ने, पहिरोले कर्णाली राजमार्ग अवरुद्धहुँदा किसानबाट उत्पादित स्याउको बजारीकरणमा समस्या आएको, जुम्लाका एक व्यक्ति नेपाल-चिन नाका क्षेत्रमा विगत एक महिनादेखि अलपत्र अवस्थामा रहेकोले यथाशीघ्र खोजी तथा उद्धार गर्नुपर्ने लगायतका विषयमा आफ्नो भनाई राख्नुभयो ।

१. मा० डा० नारायण खड्का
२. मा० महेश कुमार वर्तौला
३. मा० ज्ञानु बस्नेत सुवेदी
४. मा० धवल शम्शेर ज.व.रा
५. मा० सुमना श्रेष्ठ
६. मा० प्रभु साह
७. मा० डा० अमरेश कुमार सिंह
८. मा० संजय कुमार गौतम
९. मा० सूर्य प्रसाद ढकाल
१०. मा० ध्रुव वहादुर प्रधान
११. मा० दिपक गिरी
१२. मा० मैना कार्की
१३. मा० ज्ञान बहादुर शाही
१४. मा० सरस्वती वजिमय

त्यसपछि शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० भगवती चौधरी
२. मा० भिम प्रसाद आचार्य
३. मा० मनिष झा
४. मा० माधव सापकोटा
५. मा० मिना तामाङ
६. मा० मुक्ता कुमारी तामाङ
७. मा० मेटमणि चौधरी
८. मा० मेनुका कुमारी पोखेल
९. मा० मंगल प्रसाद गुप्ता
१०. मा० रण कुमारी बलम्पाकी मगर
११. मा० रणेन्द्र बराली
१२. मा० रमा कोइराला पौड्याल
१३. मा० राजेन्द्र बजगाई
१४. मा० रामकृष्ण यादव
१५. मा० रामहरि खतिवडा
१६. मा० रुक्मणी राना बराइली
१७. मा० रेखा यादव
१८. मा० रेखा शर्मा
१९. मा० रोशन कार्की
२०. मा० लक्ष्मी तिवारी
२१. मा० लालप्रसाद साँवा लिम्बू
२२. मा० विजुला रायमाझी

तदुपरान्त विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० अर्जुन नरसिंह के.सी.
२. मा० रघुजी पन्त

३. मा० हित बहादुर तामाङ
४. मा० गणेश पराजुली
५. मा० रोशन कार्की
६. मा० राजेन्द्र प्रसाद पाण्डे
७. मा० विरेन्द्र प्रसाद महतो
८. मा० अब्दुल खांन
९. मा० राज किशोर यादव
१०. मा० लालविर चौधरी
११. मा० प्रेम सुवाल
१२. मा० राजेन्द्र कुमार के.सी.
१३. मा० प्रेम बहादुर महर्जन

त्यसपछि कानून, न्याय तथा मानव अधिकार समितिका माननीय सभापति बिमला सुवेदीले राष्ट्रिय सभामा उत्पत्ति भएको "विधायन सम्बन्धी विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०८१" पेश गर्नुभयो ।

तत्पश्चात् माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको प्रतिवेदन सहितको "राष्ट्रिय सभामा उत्पत्ति भएको नेपाल विश्वविद्यालय विधेयक, २०८० माथी छलफल गरियोस्" भनी प्रस्तुत गर्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा माननीय सुमना श्रेष्ठले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित माननीय सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा माननीय सदस्यहरुको संख्या ८५ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

तदुपरान्त उक्त प्रस्तावमाथीको छलफलको क्रममा निम्नलिखित माननीय सदस्यहरुले राख्नुभएको प्रश्नको माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले जवाफ दिनुभयो:-

१. मा० रघुजी पन्त
२. मा० सुमना श्रेष्ठ
३. मा० देवेन्द्र पौडेल
४. मा० नारायण प्रसाद आचार्य
५. मा० रोशन कार्की
६. मा० प्रेम सुवाल
७. मा० मनिष झा
८. मा० डा० चन्द्रकान्त भण्डारी

त्यसपछि सम्माननीय सभामुखले "नेपाल विश्वविद्यालय विधेयक, २०८०" का सम्बन्धमा "शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १९ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "नेपाल विश्वविद्यालय विधेयक, २०८०" का सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १९ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ५८ सम्म "नेपाल विश्वविद्यालय विधेयक, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "नेपाल विश्वविद्यालय विधेयक, २०८१" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले "नेपाल विश्वविद्यालय विधेयक, २०८१ लाई पारित गरियोस्" भनी प्रस्तुत गर्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निणयार्थ प्रस्तुत गर्नुहुँदा "नेपाल विश्वविद्यालय विधेयक, २०८१ लाई पारित गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८१ साल भदौ २५ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ०४:४५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव